शंखरापुर नगरपालिकाद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्डः ८ संख्याः ४ प्रकाशित मितिः२०८२/०६/०१

भाग - २

स्वीकृत मितिः २०८२/०५/१५

मेगा (MEGA) विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

१. प्रस्तावना

शंखरापुर नगरपालिका, काठमाडौं जिल्लाको एक शिक्षामैत्री स्थानीय तहका रूपमा विकास हुँदै आएको छ । हाल नगरपालिकाभित्र २३ वटा सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन्, जसले नगर क्षेत्रभित्रका हजारौं बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याउँदै आएका छन् । यद्यपि शिक्षाको पहुँच विस्तारसँगै गुणस्तरीय शिक्षाको आवश्यकता झनै महत्वपूर्ण बन्दै गएको छ । नगरभित्रका सबै विद्यालयहरूको अवस्था एउटै छैन । केही विद्यालयहरू शैक्षिक गुणस्तर, भौतिक पूर्वाधार, व्यवस्थापन तथा नवप्रवर्तनका दृष्टिले अन्य विद्यालयको तुलनामा उल्लेखनीय रूपमा अगाडि छन् । यस्ता विद्यालयहरूमा विद्यार्थीको पहुँच बृद्धि गर्दै अझ सशक्त रुपमा विकास गर्नका लागि “मेगा विद्यालय”

कार्यक्रमको अवधारणा ल्याइएको हो । यसका लागि नगरपालिकाले आन्तरिक स्रोतबाट बजेट समेत विनियोजन गरेको छ ।

मेगा विद्यालय कार्यक्रमको मुख्य उद्देश्य नगरपालिका भित्रको एक वा एक भन्दा बढी सामुदायिक विद्यालयलाई उत्कृष्ट नमुना विद्यालयको रूपमा विकास गरी अन्य विद्यालयहरूका लागि प्रेरणा तथा स्रोत केन्द्रको भूमिका निर्वाह गराउनु हो । यस्ता विद्यालयमा शैक्षिक गुणस्तर, सूचना प्रविधिको प्रयोग, प्रयोगशाला, पुस्तकालय, प्राविधिक शिक्षासँग सम्बन्धित पूर्वाधार, दक्ष जनशक्ति, शुद्ध खानेपानी, शौचालय, सुरक्षा, विद्यालय वातावरण आदि जस्ता पक्षहरूमा विशेष जोड दिइनेछ ।

यस कार्यक्रमको सफल कार्यान्वयनका लागि स्पष्ट, व्यावहारिक र पारदर्शी कार्यविधि निर्माण आवश्यक भएकाले यो कार्यविधिको निर्माण गरिएको छ ।

२. कार्यविधिको नाम, प्रारम्भ र प्रयोग क्षेत्र

२.१ नामः यस कार्यविधिको नाम "मेगा विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२" हुनेछ।

२.२ प्रारम्भः यो कार्यविधि शंखरापुर नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२.३ प्रयोग क्षेत्रः यो कार्यविधि शंखरापुर नगर शिक्षा समितिको निर्णयबाट छनौट भएको मेगा विद्यालयमा लागु हुनेछ ।

३. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) *'मेगा (MEGA)'* विद्यालय' भन्नाले शंखरापुर नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालय जसमा क्रमिक रुपमा १,००० जना भन्दा बढी विद्यार्थीहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्ने गरि नगर शिक्षा समितिले छनौट गरेको विद्यालयलाई सम्झनु पदर्छ ।

(ख) *'शिक्षा शाखा'* भन्नाले शंखरापुर नगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(ग) *'कार्यविधि'* भन्नाले "मेगा विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२" सम्झनुपर्छ ।

४. मेगा विद्यालय छनौटका आधारहरू

मेगा विद्यालय छनौट गर्दा देहायका आधारहरू लिइनेछः

४.१ भौतिक पूर्वाधार

(क) कम्तीमा ५०० जना विद्यार्थी अध्ययनरत् रहेको ।

(ख) पर्याप्त र सुरक्षित विद्यालय भवन भएको ।

(ग) छात्र/छात्रा मैत्री शौचालय तथा पिउने पानीको सुविधा भएको ।

(घ) सूचना प्रविधि प्रयोगका लागि आवश्यक उपकरण (कम्प्युटर, मल्टिमेडिया प्रोजेक्टर, इन्टरनेट, स्मार्टबोर्ड) भएको ।

(ङ) पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशालाको व्यवस्थापन भएको ।

४.२ शैक्षिक उपलब्धि

(क) विगत ३ वर्षको अवधिमा कक्षा ८ र १० को बार्षिक परीक्षाको नतिजामा उत्कृष्ट नतिजा प्राप्त गरेको (वार्षिक परीक्षामा कम्तीमा ८०% उतिर्ण भएको)।

(ख) वार्षिक विद्यार्थी उपस्थिति दर ९०% भन्दा माथि भएको ।

४.३ व्यवस्थापन पक्ष

(क) सक्रिय विद्यालय व्यवस्थापन समिति भएको ।

(ख) वार्षिक शिक्षक उपस्थिति दर ९०% भन्दा माथि भएको ।

(ग) नियामक निकायको नियमित मूल्यांकनमा विद्यालय अब्वल रहेको ।

४.४ समावेशीता र पहुँच

(क) जेहेन्दार, विपन्न तथा दलित समुदायका विद्यार्थीहरूको पहुँच र सहभागिता भएको ।

(ख) लैङ्गिक समानता तथा बालमैत्री वातावरणको प्रवर्द्धन गरिएको ।

४.५ नवप्रवर्तन

(क) विद्यालयमा प्रविधिमैत्री शिक्षण सिकाइ पद्धति अभ्यासमा रहेको ।

(ख) शिक्षकहरूको तालिम तथा कार्य सम्पादन मूल्याङ्कन प्रणालीको प्रभावकारी प्रयोग भएको ।

५. विद्यालय छनौट प्रक्रिया तथा निरन्तरता

५.१ **विद्यालय छनौट प्रक्रियाः** दफा ४ का आधारमा विद्यालय छनौट गर्नका लागि नगर शिक्षा समितिले कम्तीमा ३ सदस्यीय उपसमिति गठन गर्नेछ । सो उपसमितिले शिक्षा शाखामा उपलब्ध तथ्याङ्क एवं स्थलगत अध्ययनका आधारमा सिफारिश गरेका सम्भाव्य विद्यालयहरुको नामबाट नगर शिक्षा समितिले मेगा विद्यालयको रुपमा छनौट गर्नेछ । यसरी सिफारिश गर्दा नगरपालिकाबाट बिनियोजित बजेटसंग तादाम्यता हुने गरी गरिनेछ ।

५.२ **मेगा विद्यालयको निरन्तरताः** (क) सामान्यतया एकपटक छनौट भएका मेगा विद्यालयलाई नगरपालिकाले निरन्तर रुपमा ३ (तीन) वर्षसम्मका लागि वार्षिक रुपमा बजेट बिनियोजन गर्नेछ । तर मेगा विद्यालयको कार्य सम्पादनका आधारमा निरन्तरता दिने वा नदिने सम्वन्धमा नगर शिक्षा समितिको निर्णय अन्तिम हुनेछ ।

६. खर्च शीर्षकहरू

मेगा विद्यालयको रुपमा छनौट भएको विद्यालयले नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम निम्न शीर्षकहरूमा खर्च गर्न सक्नेछ ।

क्रस	शिर्षक	विवरण
१	भौतिक पूर्वाधार व्यवस्थापन	ICT प्रयोग कक्ष सुधार, पुस्तकालय, प्रयोगशाला, फर्निचर, विद्युत, इन्टरनेट, शौचालय, खानेपानी आदि मर्मत/निर्माण
२	शिक्षक व्यवस्थापन	अस्थायी शिक्षक व्यवस्थापन (सम्बन्धित विषयको आवश्यकता अनुसार), पारिश्रमिक वा स्रोत शिक्षक परिचालन

क्रस	शिर्षक	विवरण
३	शैक्षिक सामाग्री खरिद	शैक्षिक सामग्री, सिकाइ किट, प्रविधिमैत्री सामग्री (Projector, Laptop, Printer आदि) मर्मत तथा खरिद
४	शिक्षक, कर्मचारी क्षमता विकास कार्यक्रम	शिक्षक तथा कर्मचारीको क्षमता अभिवृद्धि सम्वन्धी कार्यहरु
५	शिक्षक, कर्मचारीलाई अतिरिक्त सुविधा	कार्यसम्पादनका आधारमा शिक्षक, कर्मचारीलाई अतिरिक्त सुविधा
६	थप शैक्षिक क्रियाकलाप	थप शैक्षिक क्रियाकलाप सञ्चालनका लागि आवश्यक रकम
७	बस व्यवस्थापन	चालक सुविधा, इन्धन, मर्मत सम्भार

७. बजेट निकासा, भुक्तानी, खर्च व्यवस्थापन तथा अभिलेख व्यबस्थापन

७.१ बजेट व्यवस्था

नगरपालिकाले मेगा विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि प्रत्येक आर्थिक वर्षमा निश्चित रकम विनियोजन गर्नेछ ।

७.२ प्रस्ताव माग प्रक्रिया

प्रत्येक आर्थिक वर्षमा विनियोजित बजेटको अधिनमा रही शिक्षा शाखाले विद्यालयसँग दफा ६ मा उल्लेख भएका शिर्षकमा निम्न विषय समेटिएको प्रस्ताव माग गर्नेछः

(क) विद्यालयको संक्षिप्त स्थिति विवरण

(ख) खर्च शिर्षक, क्रियाकलाप र अनुमानित लागत

(ग) कार्यान्वयन समयसीमा

(घ) विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि

७.३ निकासा प्रक्रिया

(क) विद्यालयबाट पेश भएको प्रस्ताव प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपश्चात् कार्यान्वयनमा लगिनेछ ।

(ख) स्वीकृत प्रस्तावको आधारमा विद्यालयको आधिकारिक खातामा एकमुष्ठ रूपमा अनुदान रकम निकासा गरिनेछ ।

(ग) विद्यालयले पेश गरेको प्रस्तावनाको आधारमा प्रचलित नियम, कानुन अनुसार विद्यालय व्यबस्थापन समितिको निर्णय अनुसार रकम खर्च गर्न सकिनेछ ।

७.४ खर्चको प्रतिवेदन तथा लेखा परीक्षण

(क) विद्यालयले रकम खर्च गरे पश्चात् आर्थिक र कार्यक्रमगत प्रतिवेदन शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

(ख) प्रतिवेदनमा बिल/भौचर, तस्बिर, हस्तान्तरण प्रमाण आदि सलंग्न गर्नु पर्नेछ।

(ग) खर्च भएको रकमको प्रचलित कानुन अनुसार स्रेस्ता राखी अन्तिम लेखा परिक्षण गराउने जिम्मेवारी विद्यालयको नै हुनेछ । लेखा परीक्षणको प्रतिवेदनको प्रतिलिपि शिक्षा शाखामा पेश गर्नुपर्नेछ।

८. अनुगमन तथा मूल्याङ्कन

मेगा विद्यालयमार्फत सञ्चालित कार्यक्रम तथा खर्चका कार्यहरू पारदर्शी, प्रभावकारी र गुणस्तरीय बनाउने उद्देश्यले नगरपालिकाबाट नियमित अनुगमन तथा निरीक्षण गरिनेछ ।

९. विविध

९.१ बाधा अडकाउ फुकाउने अधिकारः यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाँधा अडकाउ परेमा फुकाउने वा यस कार्यबिधिको ब्याख्या गर्ने अधिकार नगरपालिकालाई हुनेछ ।

९.२ **खारेजी तथा बचाउः** यस कार्यबिधिमा भएका व्यवस्थाहरु नेपालको संबिधान र प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म बदरभागी हुनेछ ।

९.३ यो कार्यविधि स्वीकृत हुनु भन्दा अगाडि मेगा विद्यालय छनौट भएको भए यसै कार्यविधि कार्यविधि अनुसार भएको मानिनेछ ।

आज्ञाले,
चुरामणि पन्थी
शंखरापुर नगरपालिकाको
प्रमुख प्रशासकीय अधिकृत